धनकुटा नगरपालिका
धनकुटा जिल्ला, कोशी प्रदेश

स्थानीय तहको आवधिक योजना तर्जुमाका लागि परामर्शदाताका छनौट गर्नको लागि
**कार्यक्षेत्रगत शर्त (Terms of Reference)**

| | |
|---|---|
| विवरण | कोशी प्रदेश अन्तर्गत स्थानीय तहको आवधिक योजना तर्जुमाका लागि परामर्शदाताका छनौट गर्नको लागि कार्यक्षेत्रगत शर्त (Terms of Reference) |
| कार्य अवधी | सम्झौता भएको मितिबाट २ महिना भित्र |
| अन्तिम प्रतिवेदन | सम्झौता अनुसार अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने |
| विषय बस्तुको स्पष्टताको लागि सम्पर्क | पालिका: धनकुटा<br>सम्पर्क व्यक्ति: दशरथ राई<br>फोन: ९८५२०३९१११<br>इमेल: dasharath123@gmail.com |

प्रमुख प्रशासकीय अधिकृत

# स्थानीय तहको आवधिक योजना तर्जुमाका लागि परामर्शदाताका छनौट गर्नको लागि
## कार्यक्षेत्रगत शर्त (Terms of Reference)

## १. पृष्ठभूमि (Introduction):

नेपालको संविधानले स्थानीय तहलाई संघीय संरचना अनुरूप एक बलियो स्थानीय सरकारको रूपमा स्थापित गरेको छ । संविधानमा नै स्थानीय तहको एकल र साझा अधिकारहरू परिभाषित छन्। जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गर्ने उद्देश्य स्थानीय सरकार संचालन ऐन, २०७४ ले राखेको छ। उक्त ऐनको दफा ११ र १२ मा क्रमशः गाउँपालिका तथा नगरपालिका र वडा समितिको काम कर्तव्य र अधिकार तोकिएका छन् भने दफा २४ को उपदफा (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन र दीर्घकालीन योजना बनाई लागू गर्ने स्पष्ट उल्लेख छ । त्यसैगरी, ऐनको परिच्छेद ९ मा गाउँपालिका/नगर स्थानीय तहको वित्तीय अधिकार क्षेत्रसमेत तोकिएको छ। संविधान र कानुन वमोजिम संघीय र प्रदेश सकारले आवधिक योजना र दिगो विकास लक्ष्यहरू प्राप्त गर्ने मार्गचित्र समेत तर्जुमा गरिसकेका छन् । संविधानमा व्यवस्था भए अनुसार संघ, प्रदेश र स्थानीय तहवीच सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित विकास प्रकृयालाई स्थानीय तहमा संस्थागत गर्न, उपलब्ध सीमित स्रोतहरूको न्यायोचित वितरण गरी स्थानीय जनताको विकासको चाहनालाई पूरा गर्नको लागि स्पष्ट मार्गचित आवश्यक भएकोले स्थानीय तहको आवधिक योजना तर्जुमा गर्ने प्रकृयालाई अगाडि वढाउने प्रयोजनका लागि यो कार्यक्षेत्रगत शर्त तयार गरिएको हो।

## धनकुटा नगरपालिकाको संक्षिप्त परिचय

### १.१ ऐतिहासिक पृष्ठभूमि

### १.२ नामाकरण


धनकुटाको नामाकरण सम्बन्धमा विभिन्न भनाइहरू पाइन्छन्, जस्तै वर्तमान कागते भन्ने ठाउँमा ठूलो पोखरी थियो र यस पोखरीको दुबैतिर अग्ला अग्ला डाँडाहरू रहेका छन् । ती डाँडाहरूलाई धान कुट्ने ढिकीको खाँवाहरु र पोखरी ओखल जस्तो देखिने भएकाले मानिसहरूले "यो त धान कुट्ने ठाउँ पो रहेछ, यसलाई धनकुटा भन्नु प-यो "भन्न थालिएको र विस्तारै अपभ्रंश हुँदा धनकुटामा परिणत भएको हो भन्ने गरिन्छ ।
त्यस्तै गरी, सत्रौ शताब्दीभन्दा अघि धनकुटाको अस्तित्व नभएपनि नेपाल तिब्बत युद्धताका सैनिक तथा व्यापारीहरूलाई खाद्यान्न तराईबाट सिमानासम्म लैजान धेरै टाढा हुने भएकोले यस ठाउँबाट धान कुटेर लैजाने गरेकोले धनकुटा भन्ने गरेको भनाई छ । ऐतिहासिक रुपमा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका विजय

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय

गरेपछि पूर्वतर्फका चौदण्डी र विजयपुर कब्जा गर्ने क्रममा विबाट धनकुटा लगायत पूर्वी १८३१ .सं. क्षेत्रहरूलाई यहांका लिम्बुहरुको सहित साथ र सहयोग लिइ हालको नेपालमा गाभिएको इतिहास छ । अर्को भनाइअनुसार संस्कृत भाषामा "धान्य" भनेको धान र'कुट' भनेको पर्वत अर्थात धानको थुप्रोजस्तो देखिने धेरै पहाडहरू रहेको ठाउँ भएकोले धान्यकुट भनिएको र विस्तारै धनकुटा भएको हुन सक्ने भनाई पनि छ ।

## १.३ भौगोलिक अवस्थिति




विश्वमान चित्रमा एशिया महादेशभित्रको दक्षिण एशियामा अवस्थित सानो भुपरिवेष्ठित मुलुक नेपालको पूर्वी पहाडमा अवस्थित धनकुटा नगरपालिका भौगोलिक अवस्थितिको हिसावले २६° ५९' ५९" देखि २७° ०२' ५५" उत्तरी अक्षांस र ८७° १७' ५२" देखि ८७° २३' ०९" पूर्वी देशान्तरमा फैलिएको छ । धनकुटा जिल्लाको मध्य भागमा अवस्थित यो नगर समुन्द्री सतहबाट २५० मीटर देखि २१४४ मीटर सम्मको उचाइर्मा अवस्थित छ । डाँडाको थाप्लोदेखि तल पुच्छारसम्म बस्ती फैलिएको हुनाले भौगोलिक बनावटको आधारमा यस नगरपालिका लाई पहाडी प्रदेश र बेसी प्रदेशमा विभाजन गर्न सकिन्छ । अधिकांश भूभाग भिरालो र दक्षिणी मोहडातिर फैलिएको छ । डाँडामै अवस्थित भएको कारणले यसको पानी निकास दक्षिण दिशातिर हुने गरेको छ । सबै खोलाहरु तमोर नदी भई नगरपालिकाको पश्चिमदेखि दक्षिणबाट बाहिर निस्किन्छ । मुख्य ठाउँहरुसँगको पहुँचको सुविधाको हिसाबले धनकुटालाई सुगम मान्नुपर्छ । विराटनगर, धरान, इटहरी जस्ता ठूला शहरबाट कोशी राजमार्ग हुँदै धनकुटा पुग्न सजिलो छ भने धको हिले बजार हुँदै संखुवासभा.पा.न., भोजपुर र तेह्रथुम जिल्ला पुग्न सकिन्छ ।

## १.४ सिमाना र क्षेत्रफलः

धनकुटा जिल्लामा रहेका जम्मा सात वटा स्थानीय तहहरु मध्ये यो नगरपालिका पुरानो र अलि विकसित नगरपालिका हो । यसले वरिपरिका स्थानीय तहहरुलाई व्यापारिक तथा प्रशासनिक सेवाहरु समेत प्रवाह गर्दै आएको छ । यस नगरपालिकाको वरिपरिको सिमाना यस प्रकार छः पूर्वः छथर जोरपाटी गाउंपालिका, पश्चिमः शहीदभूमी गाउंपालिका, उत्तरः पाख्रीबास नगरपालिका तथा दक्षिणः सांगुरीगढी गाउंपालिका रहेको छ । त्यस्तै गरि कूल ११०व ०८..कि ७.८८७) क्षेत्रफलमा फैलिएको यो नगरपालिकाले धनकुटा जिल्ला .मी.



प्रमुख प्रशासकीय अधिकृत

व.कि१२ को (.मी..५व १४७१८१) भाग–र नेपालको कूल भू %.कि० को (.मी..०७५क्षेत्रफल % ओगटेको छ ।

## १.५ जलवायु तथा जलाशयः

यहांको हावापानी समशितोष्ण मनसुन प्रकारको रहेको छ । जाडोमा अलि जाडो र गर्मी महिनामा सामान्य गर्मी हुनु यहाँको विशेषता हो । यहाँ चैत्र देखि आश्विन सम्म गर्मी रहन्छ भने कार्तिक देखि माघ सम्म जाडो मौसम रहन्छ । सबैभन्दा जाडो महिना पुष मा –घमा अधिकतम तापक्रम २ देखि ७० सेल्सियससम्म झर्छ भने सबैभन्दा गर्मी महिना जेठमा तापक्रम २७ देखि ३४० सेल्सियससम्म पुग्छ । त्यसैगरी, यस नगरपालिकामा औषत बर्षा १००० देखि १२०० मिलीमीटर रहेको छ । यहाँको प्रमुख नदी तमोर नदी हो भने ताङ्बुवा खोला, पात्ले खोला, निबुवा खोला, सिस्ने खोला, रुदुवा खोला, ठोका खोला लगायतका सानातिना खोलानालाहरु रहेकाछन् तर यी खोलाहरुमा पानीको बहाव न्यून हुँदै गएको देखिन्छ।

## १.६ महत्वपूर्ण स्थल तथा बस्तीहरु

तालिका नं.१ धार्मिक तथा मनोरञ्जन स्थलहरुको विवरण

| क्र.सं. | स्थलको नाम | अवस्थिति |
|---|---|---|
| १ | बुद्ध पार्क, बक्र कुण्ड भ्यु प्वाइन्ट, जौटार, त्रिशुले, चिया बगान, लुङदाङ गुफा, बौद्ध गुम्बाहरु, षडेश्वर महादेव | वडा नं .१ |
| २ | गुराँसे टिस्टेट, मधुगंगा महादेव स्थान र पञ्चकन्या | वडा नं .२ |
| ३ | ऐतिहासिक भाषा स्कुल, कागते पोखरी | वडा नं .३ |
| ४ | श्रीपञ्चमी पार्क, धनकुटा गौंडा | वडा नं .४ |
| ५ | ऐतिहासिक बिहीबारे हटिया, मार्गाथान, धनकुटा रंगशाला, गोकुण्डेश्वर महादेव थान | वडा नं .५ |
| ६ | शिल्दुङ्गा पार्क, फोहोरमैला व्यवस्थापन केन्द्र, गणेश मन्दिर, निशानथान, भीमसेन थान, शिवजी पार्क, सल्लेरी महेन्द्र पार्क, धर्मगंगा कैलासनाथ धाम | वडा नं .६ |
| ७ | चुवाको बोट ग्रीन पार्क, मधुगंगा सिनेमा हल, बसपार्क, चुलीवन पार्क, घुमाउने चौतारा, नर्वदेश्वर महादेव | वडा नं .७ |
| ८ | याकचना घाट, चुलीवन, मार्गाथानहरु | वडा नं .८ |
| ९ | थुम्कीडाँडा पार्क, विश्रान्ती मन्दिर मुल्घाट | वडा नं .९ |
| १० | उत्तरपानी प्राविधिक शिक्षालय, दुर्गा पञ्चायन मन्दीर | वडा नं .१० |

*स्रोत : धनकुटा नगरपालिकाको कार्यालय, २०७५*

तालिका २: मुख्य बस्तिहरुको विवरण

| वडा नं. | मुख्य बस्ती गाउँको/टोल/नाम |
|---|---|



धनकुटा नगरपालिकाको कार्यालय
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| १ | हिले , त्रिशुले, निगाले, कुवापानी, बोक्रे, सुकेपोखरी, ओकमालुङ, राना तिनतले, सिजाली टोल |
| २ | भीरगाउँ, किन्ताङ्ग, बैरे , सुन्तले, चोक्रोक, गुराँसे |
| ३ | कागते , वारी पात्ले,खाल्डे , स्याउले , मालवासे, निगाले |
| ४ | देब्रेबास, छारागाउँ , सल्लेरी, ठोका, घलेटार, स्कुलडाँडा, स्याउले |
| ५ | माथिल्लो कोप्चे, तल्लो कोप्चे, कर्मिटार, देवानटार , खन्यूबास , हटियाटोल, बाल मन्दिर, पुजारी टोल , छोङदेन, फुजलुक |
| ६ | बीचबजार, शिरानबजार, पात्ले खोला , आत्मारा, कचिडे, खाल्डे, फोकल्याण्ड टापु |
| ७ | हुलाकटोल, सिरवानी, डाँडागाउँ, चुलीवन, जिरोप्वाईन्ट,टोड्के, शितलपाटी,बसपार्क, संगम टोल, मोतीटोल |
| ८ | सान्ताङ्ग, यात्के, पेलेकपाङ्ग, टेकुनाला,चाम्जिबुङ,खाम्बेला |
| ९ | मुल्घाट, बेलहारा,गुठीटार , रुद्रबारी, बेलहारा बेंसी , साँवाबारी, महाङ |
| १० | पारी पात्ले, मार्गा, उत्तरपानी, डुम्रे सान्ने, धर्मशाला, चौधरीगाउँ, तिल्केचौर मन्दारा, पखेरेटोल |

*स्रोत:धनपा कार्यालय, २०८१*

## १.७ सामाजिक बनावट र साँस्कृतिक रहन सहनः

यस नगरपालिकामा विभिन्न जातजातिका मानिसहरुको बसोबास रहेको भएता पनि मुख्य गरी क्षेत्री, आठपहरिया, नेवार, तामाङ्ग, बाहुन जातिको बाहुल्यता रहेको पाइन्छ । सबै भन्दा बढी जनसंख्या क्षेत्रीहरुको छ, वडा नं ८ बाहेक सबै वडाहरुमा यीनीहरुको बसोबास रहेको छ । यसपछि आठपहरियाहरुको संख्या बढी रहेको छ । वडा नं.१, २, ३, ४, ५, ७, ८ र ९ मा बढी बसोवास गर्ने आठपहरिया राई (पछिल्लो समयमा राई नभनी आठपहरिया मात्रै भन्न थालिएको) जातिको आफ्नै कथा र इतिहास छ । आफ्नै भाषा, भेषभुषा, संस्कार र रहनसहन भएकाले आठपहरिया जातिलाई धनकुटाको आदिवासी मानिएको छ । नेवार जातिले आफ्नै भाषा नेवारी बोल्छन् । उनीहरु प्रायः गरी वडा नं. ३,४,५,६ र ७ मा बसोवास गरेको पाइन्छ र प्रायः यीनीहरु व्यापार व्यवसायमा नै संलग्न छन् । धनकुटा नगरपालिका वडा नं. १ हिले बजार, वडा नं. २ भीरगाउं, वडा नं. १० र ३ मा तामाङ्गहरु र केहि शेर्पाहरुको बसोबास रहेकोछ । अन्य जातीहरुमा यहां राईहरु प्राय धनकुटाकै खाल्सा क्षेत्रबाट, भोजपुर, खोटाङबाट आई बसेकाछन त्यस्तै गरि लिम्बुहरु प्राय धनकुटाकै चौविसे क्षेत्र, ताप्लेजुंग, तेह्रथुमतिरबाट आएका छन । यहां मगरहरु, भुजेल, विश्वकर्मा, सार्की, दर्जी लगायत अन्य जातीहरुको पनि बसोबास रहेको पाईन्छ ।

उल्लेखित यी सबै जातका मानिसहरुको आ आफ्नै भेषभुषा र रहनसहन छ । अहिलेको नयां पिंढीहरुमा विस्तारै आफ्ना पुराना बाउबाजेले मान्दै आएका रितिथितीहरु हराउंदै गएकोले संरक्षणको लागि प्रयास पनि भइरहेको देखिन्छ । धर्मको हिसाबले हेर्दा हिन्दु, किरात, बौद्ध, क्रिश्चियन तथा ईस्लाम धर्म मान्नेहरुको बसोबास रहेको छ । यस नगरका वासिन्दाहरु धर्मका आधारमा परम्परागत रहनसहन र चाडपर्वहरु मनाउने गर्दछन । यस नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजातिका मानिसहरुको शैक्षिक अवस्था उत्साहजनक

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

प्रमुख प्रशासकीय अधिकृत

रहेको देखिन्छ । यसैकारण नगरपालिका लगायत धनकुटा जिल्ला नै साक्षर जिल्ला घोषणा भइसकेको छ । हाल यहांको साक्षरता दर ८४.४६ प्रतिशत रहेको छ । तर बार्षिक जनसंख्या बृद्दिदर भने घटेर ०.१७ रहेकोछ । जातिगत रुपमा हेर्दा दलित र आठपहरिया जातिको साक्षरता दर अन्य जातिको तुलनामा केहि न्यून रहेको छ । स्थानीय चार्डपर्व तथा जात्रा र मेलाहरुको विवरणः

- **चाडपर्वः** उधौली, उभौली, दशैं, तिहार, छठ, माघे संक्रान्ती, जनैपुर्णिमा, साउने सक्रान्ती, ल्होच्छार, गठेमंगल,
  इद, क्रिस्मास आदि ।
- **जात्राः** हिलेजात्रा, गाईजात्रा, कृष्णाष्टमी आदी ।
- **मेलाहरुः** मधुगंगा मेला, धर्मगंगा मेला, रामनवमी मेला, शिवरात्री मेला आदी ।

## १.८ जनसंख्याको अवस्था

२०७८ को जनगणना अनुसार कुल जनसंख्या ३५९८३ जना रहेको छ। वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३: नगरपालिकाको जनसंख्याको विवरण**

| वडा नं. | परिवार संख्या | पुरुष | महिला | जम्मा जनसंख्या | लैंगिक अनुपात | औषत परिवार आकार | क्षेत्रफल (वर्ग कि मि) | जनघनत्व प्रत वर्ग कि मी |
|---|---|---|---|---|---|---|---|---|
| १ | ११९१३ | ३४३६ | ३६७७ | ७११३ | ९३.४५ | ३.७२ | ७.४७ | ९५२ |
| २ | ९६४ | १८११ | २०२२ | ३८३३ | ८९.५६ | ३.९८ | २०.९६ | १८२ |
| ३ | ५१८ | १००५ | ११०७ | २११२ | ९०.७९ | ४.०८ | ११.३१ | १८७ |
| ४ | ८७३ | १३६९ | १५२० | २८८९ | ९०.०७ | ३.३१ | ३.५७ | ८०९ |
| ५ | ७५९ | १३१२ | १४९३ | २८०५ | ८७.८८ | ३.७० | ३.८३ | ७३२ |
| ६ | ११५३ | १९६६ | २१३० | ४०९६ | ९२.३० | ३.५५ | ६.५४ | ६२६ |
| ७ | १५१९ | २४२९ | २७८७ | ५२१६ | ८७.१५ | ३.४३ | ३.१७ | १६४५ |
| ८ | ४७९ | ८६९ | ९७५ | १८४४ | ८९.१३ | ३.८५ | १२.४१ | १४८ |
| ९ | ९३६ | १९८२ | २०२४ | ४००६ | ९७.९२ | ४.२८ | २९.९९ | १३४ |
| १० | ५२३ | १०१३ | १०५६ | २०६९ | ९५.९३ | ३.९६ | ११.५६ | १७९ |
| जम्मा | ९६३७ | १७१९२ | १८७९१ | ३५९८३ | ९१.४९ | ३.७३ | ११०.८५ | ३२५ |

*स्रोत२०८० राष्ट्रिय तथ्यांक कार्यालय धनकुटा :*

- बार्षिक जनसंख्या बृद्दिदरः ०.१७
- साक्षरता प्रतिशतः ८४.४६
- पुरुष साक्षरता प्रतिशतः ९०.६३
- महिला साक्षरता प्रतिशतः ७८.८७

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा

### १.८.१उमेर अनुसार जनसंख्याको वनावट

| उमेर समूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ०००४- | १२११ | १२४५ | २४५६ |
| ०५०९- | १५१० | १६९९ | ३२०९ |
| १०१४- | १५९६ | १६५२ | ३२४८ |
| १५१९- | १७०५ | १६५४ | ३३५९ |
| २०२४- | १७३५ | १३८८ | ३१२३ |
| २५२९- | १६५८ | १३३२ | २९९० |
| ३०३४- | १६५१ | १२४१ | २८९२ |
| ३५३९- | १४७४ | १२८४ | २७५८ |
| ४०४४- | १२८४ | १०८५ | २३६९ |
| ४५४९- | १०४२ | ९०५ | १९४७ |
| ५०५४- | १००२ | ९५७ | १९५९ |
| ५५५९- | ८४९ | ७९४ | १६४३ |
| ६०६४- | ७२१ | ६७९ | १४०० |
| ६५६९- | ५२८ | ५१९ | १०४७ |
| ७०७४- | ३४८ | ३७६ | ७२४ |
| ७५७९- | २४२ | २०१ | ४४३ |
| ८०८४- | १३५ | ११५ | २५० |
| ८५८९- | ६० | ४४ | १०४ |
| ९०९४- | ३२ | १८ | ५० |
| ९५+ | ८ | ४ | १२ |
| जम्मा | १८७९१ | १७१९२ | ३५९८३ |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय धनकुटा २०८०*

० देखि १४ बर्षसम्मका जम्मा जनसंख्या ८९१३ (२४.७७ प्रतिशत) यसमध्ये १२ प्रतिशत महिला र १२.७७ प्रतिशत पुरुष जनसंख्या रहेको छ ।त्यस्तैगरि १५ देखि ५९ बर्षको उमेर समूहमा जम्मा जनसंख्या २३०४० रहेको छ जसमध्ये महिला ३४.४६ प्रतिशत र पुरुष २९.५७ प्रतिशत रहेको छ । यस उमेर समूहमा पुरुप भन्दा महिलाको जनसंख्या करिव ५ प्रतिशतले बढी रहेको देखिन्छ । ६० देखि माथिको उमेर समूहमा जम्मा जनसंख्या ४०३० जना रहेकोमा पुरुष ५.४४ प्रतिशत र महिला ५.७६ प्रतिशत रहेको छ । निर्भर जनसंख्या ३६ प्रतिशतको हाराहारीमा रहेको देखिन्छ ।

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

प्रमुख प्रशासकीय अधिकृत

### १.८.२ जातजाती अनुसार जनसंख्याको विवरण

| क सं | जात जाती | जम्मा | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्षेत्री | ७४२१ | ३५९४ | ३८२७ | |
| २ | आठपहरीया | ५३४८ | २५४८ | २८०० | |
| ३ | राई | ३५३२ | १६३४ | १८९८ | |
| ४ | नेवार | ३१०२ | १४९९ | १६०३ | |
| ५ | तामाङ | ३०३८ | १४३५ | १६०३ | |
| ६ | बाहुन | २८८५ | १४१६ | १४६९ | |
| ७ | मगर | २८१३ | १३२२ | १४९१ | |
| ८ | लिम्बु | १५७८ | ६७९ | ८९९ | |
| ९ | विश्कर्मा | १४६८ | ६९८ | ७७० | |
| १० | परियार | ८४२ | ३९६ | ४४६ | |
| ११ | मिजार | ५६४ | २६१ | ३०३ | |
| १२ | ठकुरी | ५१२ | २५२ | २६० | |
| १३ | घर्ती भुजेल/ | ५०२ | २४७ | २५५ | |
| १४ | बान्तवा | ४२९ | १९७ | २३२ | |
| १५ | शेर्पा | २५१ | १०२ | १४९ | |
| १६ | याक्खा | २५ | ९८ | १२७ | |
| १७ | चाम्लिङ | १९० | ९५ | ९५ | |
| १८ | गुरुङ | ११९ | ५२ | ६७ | |
| १९ | थारु | ११० | ६९ | ४१ | |
| २० | १०० भन्दा कम जनसंख्या भएका २३ जातीहरु | १०५४ | ५९८ | ४५६ | |
| जम्मा | | ३५९८३ | १७१९२ | १८७९१ | |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय धनकुटा २०८०*

### १.८.३ धर्म अनुसार जनसंख्याको विवरण

| सि नं | धर्म | जनसंख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | हिन्दु | २१७४७ | ६०।४ | |
| २ | किरात | ९२१५ | २५।६१ | |
| ३ | बौद्ध | ४०८९ | ११।३६ | |
| ४ | क्रिश्चियन | ७९९ | २।२२ | |
| ५ | ईस्लाम | १२४ | ०।३४ | |

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ६ | प्रकृति | १० | ०।०३ | |
| | जम्मा | ३५९८३ | १०० | |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय धनकुटा २०८०*

### १.८.४ रोजगारीको अवस्था अनुसार आर्थिक रुपले सक्रिय जनसंख्या (१० बर्षमाथि)

| क्र सं | रोजगारीको अवस्था | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | अरुको काम गर्ने | १८४९ | ३१५१ | ५००० |
| २ | रोजगारदाता | ७८ | २३९ | ३१७ |
| ३ | आफ्नै काम गर्ने | ६७६६ | ६००८ | १२७७४ |
| ४ | परिवारमा सघाउने मात्र | २१५० | १३७२ | ३५२२ |
| ५ | उल्लेख नभएको | ३ | ४ | ७ |
| | जम्मा | १०८४६ | १०७७४ | २१६२० |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय धनकुटा २०८०*

## १.९ सडक यातयात तथा विकासका पूर्वाधार

विषम् भौगोलिक अवस्था रहेतापनि यस नगरपालिकाको मध्यभाग र मुख्य बजार धनकुटा र हिलेबाट कोशी राजमार्ग निर्माण भएकाले यहाँको यातयात व्यवस्था अन्य पालिकाहरुभन्दा केहि सुदृढ देखिन्छ । यहि राजमार्गलाई आधार मानेर पूर्व तथा पश्चिमतिरका सवै वडाहरुमा यातयात सुविधाको विस्तार भईरहेको छ । यातयातको विकास सँगसँगै यहाँका वडाहरुमा सानातिना सेवा केन्द्रहरु केन्द्रिकृत हुने क्रममा साना साना बजार केन्द्रहरुको विकास हुन थालेकोछ जसको कारण यस क्षेत्रको मानिसहरुमा आर्थिक आय आर्जन, स्वरोजगार हुने तथा व्यवसायिक कृषि उत्पादन गर्ने चेतनामा बृद्धि हुँदै गएको पाईन्छ । यहाँ उत्पादन हुने विभिन्न किसिमका मौसमी तथा बेमौसमी तरकारी बाली, फलफुल र काठको लकडी लगायतका सामाग्री ढुवानी तथा विक्री वितरणका कारण स्थानीय अर्थतन्त्र सवल हुँदै गएको पाईन्छ । जिल्ला सदरमुकाम भएका कारण स्वास्थ्य सेवा, शिक्षाको सुविधा तथा जनशक्तिको अवस्था सन्तोषजनक रुपमा नै रहेको छ । तथापी जटिल प्रकृतिका स्वास्थ्य समस्याहरु आईपर्दा अन्य सुविधायुक्त अस्पतालमा जानुपर्ने बाध्यता रहेको छ । खानेपानी तथा विद्युतको उपलब्धता भने सन्तोषजनक नै रहेको पाइन्छ । जनजीवनको मुख्य आर्थिक स्रोत कृषि उत्पादनमा आधुनिकीकरण र व्यवसायिकता आउँदै गएको छ ।पर्यटकीय गन्तव्यको रुपमा विकास भइरहेको धनकुटा बजार, मुलघाट तमोर नदी, चुलीवन क्षेत्र, हिले बजार क्षेत्र, चिया तथा कफि खेती र पछिल्ला समयमा पालिका आफैले निर्माण गरेका विभिन्न पर्यटकीय स्थलहरु लगायतका ठाउँहरु पनि पालिकाको आम्दानीको मुख्य श्रोतहरु बन्न सक्ने देखिन्छ । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयन तथा आवश्यक आर्थिक तथा मानविय स्रोत व्यवस्थापनमा सहजता भएमा यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुने संभावना देखिन्छ ।

## १.१० मानव संसाधनको अवस्था

लामो समयपछि निर्वाचित जनप्रतिनिधिहरू मार्फत् नगरपालिकाको सेवा प्रवाह भईरहेकोछ । यस अवधीमा विभिन्न कार्यहरु सम्पादन भएकोछ जस्तै वडा कार्यालयहरुको निर्माण र वडास्तरबाटै प्राय सवै सेवा प्रवाह हुन थालेको, ऐन कानुन निर्माण लगायत जनशक्ती व्यवस्थापन गरी यहाँको विकास निर्माणका कार्यहरु संचालन हुँदै आईरहेको छ । यस नगरपालिकामा रहेका १० वटै वडामा

निर्वाचित तथा मनोनित सदस्यहरु सहित जम्मा ५५ जना नगरसभा सदस्यहरु रहेका छन् । त्यसैगरी नगर कार्यपालिकाको दैनिक कार्यसम्पादनका लागि विभिन्न विषयगत क्षमता सहित अधिकृत तथा सहायक स्तरका कर्मचारी कार्यरत छन् ।

## १.११ भौतिक सम्पत्तिको अवस्था

धनकुटा नगरपालिकाको कार्यालय भवन वडा नं ५ धनकुटा बजारमा रहेको छ ।वडा कार्यालय भवन, स्वास्थ्य ईकाई भवन, विभिन्न सेवा केन्द्र भवनहरु, व्यापारिक भवन नगर क्षेत्रमा रहेका महत्वपूर्ण सरकारी भवनहरु हुन जसको प्रयोग नाम बमोजिम नै भईरहेकोछ।विभिन्न स्थानमा गरी करिव १०५ रोपनी जग्गा नगरपालिकाको नाममा रहेको छ तर कतिपय जमीनको यथार्थ अवस्थिति र प्रयोगको अवस्था अज्ञात रहेकोछ । नगरपालिकाको सवारी साधन, जग्गा र भवन जस्ता भौतिक सम्पतिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ६: नगरपालिकाको अचल सम्पत्तिको विवरण**

| क्र.स. | विवरण | एकाई |
|---|---|---|
| १ | वडा कार्यालय भवनहरु | १० |
| २ | स्वास्थ्य कार्यालय भवन | ९ |
| ३ | जीप गाडी | ४ थान |
| ४ | कम्प्याक्टर टीपर | १ थान |
| ५ | ट्रयाक्टर | ३ थान |
| ६ | मोटरसाईकल र स्कुटर | २९ थान |
| ७ | एम्बुलेन्स् | २ थान |
| ८ | दमकल | २ थान |
| ९ | नपाको स्वामित्वमा रहेका जग्गा ५१ कित्ता | १०५ रोपनी ५आना ३ पैसा |
| १० | कार्यालय भवन | ६ वटा कार्यालय परिसरमा |
| ११ | व्यापारिक तथा अन्य भवनहरु | ७ वटा |

*स्रोतः धनपा कार्यालय, २०८१*

# २ विकासको संभावना र चुनौती

धनकुटा पूर्वी पहाडको केन्द्रमा रहेको राणाकाल देखि नै प्रशासनिक केन्द्रको रुपमा रहंदै आएको ठाउं हो । यहांको भौगोलिक अवस्था, हावापानी, अवस्थिति, प्रशासनिक केन्द्र, सामाजिक तथा सांस्कृतिक परिवेश आदी नै विकासका अवसरहरु हुन भने चुनौती पनि यीनै क्षेत्रहरुको समुचित प्रयोग गर्न क्षेत्रिय विकासलाई नेतृत्व गर्न नसक्नु, दीर्घकालीन नीति, योजना तथा कार्यक्रमहरु बन्न नसक्नु, आवस्यक स्रोतहरुको व्यवस्थापन गर्न नसक्नु नै यहांको विकासमा देखिएका समस्याहरु हुन् । विद्यमान अवस्थामा धनकुटाको विकासका लागि केहि संभावित अवसरहरु र यसका चुनौतीहरु देहाय अनुसार प्रस्तुत गरिएको छ ।

## २.१ विकासको संभावनाहरु

धनकुटा नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

प्रमुख प्रशासकीय अधिकृत

**भौगोलिक अवस्थितिः** कोशी प्रदेशको १४ वटै जिल्लाहरुको मध्य विन्दुमा अवस्थित यो नगर केन्द्रियता (Centrality) को हिसावले अन्य पालिकाहरु भन्दा सवैको मध्यमा रहेको र कोशी राजमार्गले प्रदान गरेको यातायातको सहजताका कारण यहाँ विभिन्न प्रकारका सामाजिक आर्थिक विकासका गतिविधिहरु संचालन गर्न सहज हुने देखिन्छ । गर्मीमा शितल र जाडोमा पनि ठिक्कको जाडो हुने समशितोष्ण प्रकारको हावापानी भएकाले जुनसुकै हावापानी क्षेत्रमा रहनसहन गरेका समुदाय यहाँ अनुकुलित हुन सक्ने भएकाले यहाँ कुनैपनि व्यापार व्यवसाय तथा सेवामूलक कार्यहरुमा लगानी गर्न सकिने आर्थिक अवसरहरु नभएका होइनन् ।धनकुटा नगरपालिकाको प्रथम आवधिक योजनाले नगरपालिकाको विकासका लागि अग्रणी क्षेत्र भनेर व्यवसायिक कृषि, पर्यटन र शिक्षाको पहिचान गरेको थियो । स्थानीक हिसाबले विगतमा क्षेत्रिय सदरमुकाम समेत रहेको यो नगर हाल आएर प्रशासनिक एवं आर्थिक महत्वका दृष्टीले केहि पछाडी परेको भए तापनि यसलाई पुनर्जागरण गर्न यहाँ रहेका भौतिक पूर्वाधारहरु, सामाजिक संघ/सँस्थाहरु, प्रकृतिक वातावरण, मानविय स्रोत साधनहरु सामूहिक र अभियानको रुपमा परिचालन गर्न सकिन्छ ।

**कानुनी तथा नीतिगत अवसरः** हालको संवैधानिक व्यवस्था अनुसार स्थानीय तहहरुले आफ्नो क्षेत्रको विकासका लागि आवस्यक ऐन कानुन बनाई कार्यान्वयन गर्न सक्ने प्रावधान रहेको छ । समयानुकुलको आवधिक नगर विकास योजना, क्षेत्रगत गुरु योजनाहरु बनाउने र कार्यान्वयनका लागि आवस्यक क्षमता विकास गर्न सक्ने देखिन्छ ।

**व्यवसायिक कृषि क्षेत्रः** व्यवसायिक कृषिको लागि धनकुटा जिल्ला (ध.न.पा.समेत) एक अग्रणी जिल्ला हो ।

यहाँको एभोकाडो, गोल्भेँडा, चिया देश विदेशमा लोकप्रिय रहेको छ भने यहाँ र वरपरका पालिकाहरुमा उत्पादित बेमौसमी बन्दा, मुला, काउली, मटरकोसा, गोलभेडा जस्ता तरकारी टाढाटाढासम्म निकासी हुन्छ । व्यवसायिक कृषिको अवसरबाट लाभ लिन सरकारी स्तरबाटै पकेट क्षेत्रको अवधारणा बमोजिम कार्यक्रमहरु सञ्चालित छन् । यस अनुसार न.पा. का विभिन्न स्थानमा व्यावसायिक अमिलो जात फलपूल, व्यावसायिक तरकारी, तरकारी बीजवृद्धि, च्याउ र चिया खेती विकास कार्यक्रम सञ्चालनमा छन् भने हिलेमा बेमौसमी तरकारी निर्यात प्रवर्दन कार्यक्रम सञ्चालनमा छन् ।साथै २०० देखि २१०० मीटर सम्मको उचाईमा विविधता रहेकाले ठाउँ अनसारको अनुसन्धान गरी जडीबुटी उत्पादन तथा

**पर्यटकिय आकर्षणः** स्वच्छ हावापानी, डाँडाकाँडा, साना तर सुन्दर बस्तीहरु (धनकुटा बजार, हिले बजार आदि), यातायातको सुगमता, ठूला शहरहरु (धरान, इटहरी, बिराटनगर) र छिमेकी मुलुकको विहार र पश्चिम बंगाल जस्ता घना जनसंख्या भएका राज्यहरुसँगको सामिप्यतालाई पर्यटन विकासको ठुलो आधार मान्न सकिन्छ । स्थानीय जैविक खाद्य बस्तुको प्रयोग, फरक प्रकारको सामाजिक सँस्कार, चाडवाड, मेला तथा साँस्कृतिक जात्रा यहाँको पर्यटकीय आकर्षण हुन् । धर्मावलम्बी पर्यटकका लागि केही धार्मिक स्थलहरु जस्तैः मुलघाट विश्रान्ती मन्दिर, मधुगंगा, निशान भगवती थान, बक्रकुण्ड आदी स्थलहरु रहेको यो न.पा. आठपहरिया समुदायको उद्गम स्थल र एकमात्र बसोबास

स्थल हुनाले सामाजिक अध्ययनको लागि पनि आकर्षणको स्थल बन्न सक्छ । यहाँका पहाडका थुम्काहरु, खोलानाला, जैविक विविधता र यस पूर्व तयार भएका पर्यटकीय स्थलहरुको स्तरोन्नती लगायतका क्षेत्रमा लगानी र सूचना प्रविधीको प्रयोग पर्यटकमैत्री बनाउन संभव रहेको छ ।

**शैक्षिक तथा स्वास्थ्य केन्द्रः** हावापानीको हिसाबले अति स्वच्छ, हरियालीयुक्त तथा शान्त वातावरणका कारण ध.न.पा. शैक्षिक संस्थाहरुका लागि उपयुक्त स्थल हो । समुचित पूर्वाधार उपलब्ध गराउन सके दार्जिलिङ्ग, देहरादूनकै जस्तो प्राकृतिक वातावरण एवं हावापानीमा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने सम्भावना रहेको छ । तर यसकोलागि सरकारी वा ध.न.पा.को प्रयास मात्र पर्याप्त नभई निजी लगानीकर्ताहरुको भूमिका पनि महत्वपूर्ण रहन्छ । शैक्षिक क्षेत्रको विकासले यस ध.न.पा.मा अन्य आर्थिक गतिविधिहरुलाई उर्जा प्राप्त हुने निश्चित छ ।

### २.२ विकासको चुनौतीहरु

विकासका अवसरका क्षेत्रहरुको समुचित प्रयोग गर्न क्षेत्रिय विकासलाई नेतृत्व गर्न नसक्नु, दीर्घकालीन नीति, योजना तथा कार्यक्रमहरु बन्न नसक्नु, आवस्यक स्रोतहरुको व्यवस्थापन गर्न नसक्नु नै यहांको विकासमा देखिएका समस्याहरु हुन् ।तत्कालीन रुपमा हेर्दा निम्नानुसारका आधारभूत विकासका समस्याहरु देखिन्छ ।

- बजार क्षेत्रमा खानेपानी आपुर्तीको अपर्याप्तता
- शहरी सडकहरुमा यातयात व्यवस्थापन गर्न कठीनाई रहेको
- सार्वजनिक सम्पत्ति संरक्षण र नीजि क्षेत्र परिचालन आशातित नहुनु
- स्थानीय उपभोक्ताहरुमा विकास व्यवस्थापन र संरक्षण सम्बन्धी चेतनाको कमी
- सामाजिक परिचालन प्रक्रियालाइ समग्र सेवा प्रवाहसंग प्रभावकारी रुपले समायोजन गर्न नसकिएको
- सहभागितात्मक योजना प्रक्रिया यथार्थपरक नभई भिडतन्त्र हुन थालेको
- नगरको दीगो विकासका लागि गुरु योजनाहरु बनाई कार्यान्वयन गर्न नसक्नु
- बसाई सरी आउने भन्दा जाने जनसंख्यामा बृद्धि हुनाले उपयुक्त जनशक्तिको कमी हुँदै गएको
- रोजगार प्रबर्द्धन तथा गुणस्तरिय जनशक्ति उत्पादनमा लगानीमा ध्यान जान नसकेको ।

## २. उद्देश्य (Objectives)

यस **कार्यक्षेत्रगत शर्त**को मुख्य उद्देश्य स्थानीय तहको आवधिक योजना तर्जुमा गर्नका लागि परामर्श सेवा प्रदायक कम्पनी/फर्मको जिम्मेवारी वारे प्रस्टता सहित आवश्यक प्रकृयागत मार्गदर्शन प्रदान गर्नु रहेको छ । मुख्य रुपमा, यस **कार्यक्षेत्रगत शर्त**को उदेश्यहरु देहायनुसार रहेकाछन् ।

- आवधिक योजना तर्जुमा प्रक्रियालाई प्रक्रियागत मार्गनिर्देश गर्नु
- आवधिक योजना तर्जुमाका लागि गरिनुपर्ने कार्यहरु, कार्य दायरा वारे प्रस्टता ल्याउन सहयोग पुर्याउनु,

प्रमुख प्रशासकीय अधिकृत

- आवधिक योजना तर्जुमाका लागि परामर्शदाता कम्पनी/फर्म/संस्थाले गर्नुपर्ने कार्यहरु वारे प्रस्टता ल्याउनु,

## ३. कार्य दायरा (Scope of the Assignment)

नेपालको संविधानमा उल्लेखित स्थानीय तहको एकल र साझा अधिकारका सूचीमा उल्लेखित विषयहरू; स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ र १२ मा उल्लेखित काम, कर्तव्य र अधिकारहरू: संघीय र प्रादेशिक आवधिक योजना तथा दिगो विकास लक्ष्यहरू र अन्य नीति कानुनले स्थानीय तहलाई दिएको जिम्मेवारीहरुलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्नका लागि दिर्घकालिन सोच सहितको आवधिक योजना (आ.व. २०८०/८१ - ८५/८६) तर्जुमा गर्न विज्ञ सेवा प्रदान गर्नु रहेकोछ । यसरी तोकिएका स्थानीय तह (गाउँपालिका, नगरपालिका) हरुको आवधिक योजना तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगबाट प्राप्त 'स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८' मा दिइएको ढाँचामा आधारित रहेर गर्नुपर्नेछ। स्थानीय आवश्यकता, बिशिस्टता र प्राथमिकता अनुसार उक्त ढाँचामा सामान्य परिमार्जन हुन सक्नेछ।

## ४. आवधिक योजना तर्जुमा प्रस्तावित विधि

आवधिक योजना तर्जुमाको प्रस्तावित चरण, विधि र औजारहरू देहाय बमोजिम हुनेछन्:

### ४.१. पहिलो चरणः पूर्वतयारी, - दस्तावेज तथा सन्दर्भ सामग्रीहरुको अध्ययनः

- आवधिक योजना तर्जुमा गर्नुपूर्व आवधिक योजना तर्जुमाको अवधारणागत तथा नीतिगत व्यवस्थाका विषयमा प्रष्ट हुनु र द्वितीय तहबाट प्राप्त गर्न सने आवश्यक सबै सूचना तथ्याङ्कको सङ्कलन गर्नको लागि परामर्शदाताले तपशिल बमोजिमको दस्तावेजहरूको समीक्षा गर्नु पर्नेछ ।
  - ✓ स्थानीय तहका संवैधानिक कार्य जिम्मेवारीहरु
  - ✓ स्थानीय राजनीतिक दलका घोषणा-पत्रहरु
  - ✓ विगत ४ वर्षका वार्षिक योजना तथा मध्यमकालीन खर्च संरचना
  - ✓ स्थानीय तहको गुरूयोजना, विषयगत योजना तथा रणनीति र कानुनहरू
  - ✓ वार्षिक समीक्षा प्रतिवेदन (विशेष गरि स्रोत परिचालनको अवस्था र उपलब्धिहरु )
  - ✓ स्थानीय तहको पार्श्व चित्र (प्रोफाइल), वेबसाइट, अभिलेखहरू
  - ✓ अन्तरसरकारी वित्तीय हस्तान्तरण अवस्था (विगत ३ वर्षको)
  - ✓ स्थानीय तहको आन्तरिक स्रोत परिचालन स्थिति
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- प्रदेशको वस्तुस्थिति विवरण, २०७५
- प्रदेश योजना आयोगले तयार गरेको प्रथम आवधिक योजना
- संघ तथा प्रदेश मन्त्रालय र विभागहरूले प्रकाशन गरको सम्वन्धित प्रतिवेदनहरू
- संघीय सरकार तथा प्रादेशिक सरकारका मार्गनिर्देशन,
- दिगो विकासका लक्षहरु तथा नेपालले रास्ट्रिय तथा अन्तर्राष्ट्रिय फोरमहरुमा गरेका प्रतिवद्दताहरु

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा

प्रमुख प्रशासकीय अधिकृत

यसका साथै, स्थानीय तहको आवधिक योजनालाई प्रदेशको आवधिक योजनासंग अन्तरसम्बन्ध कायम गर्न, प्रदेश योजना आयोगको सुझाव महत्वपूर्ण हुने भएकाले आवधिक योजना तर्जुमा कार्य प्रदेश योजना आयोगसंगको निकटतम सम्पर्क र समन्वयमा आवधिक योजना तर्जुमा गरिनेछ । साथै आवधिक योजना तर्जुमा कार्यको समग्र मार्गनिर्देश गर्नका लागि पालिका स्तरमा निर्देशक समिति गठन हुने भएकाले निर्देशक समितिले स्वीकृत गरेको कार्ययोजना अनुसार आवधिक योजना तर्जुमा कार्य अगाडि वढाइने छ ।

### ४.२. पूर्व योजना तर्जुमा गोष्ठी

यो आवधिक योजना तर्जुमाका लागि प्रारम्भिक र महत्वपूर्ण चरण हो, जहाँ स्थानीय तहका राजनीतिक दलहरु बिभिन्न स्तरका जनप्रतिनिधि, कर्मचारी, सरकारी गैरसरकारी कार्यालय, संघ संस्था, निजि तथा व्यापारिक संस्था/कम्पनी, नागरिक संस्थाका प्रतिनिधिहरु आदिहरु विच आवधिक योजना तर्जुमा गर्नुको उदेश्य, प्रकृया, विद्यमान अवस्था र अपेक्षित अवस्था वारे छलफल परामर्श गरि आवधिक योजना तर्जुमा प्रक्रियालाई सहभागीमूलक रुपमा तर्जुमा गर्ने कार्यलाई औपचारिकता प्रदान गरिन्छ । साथै आवधिक योजना तर्जुमा प्रक्रियाका लागि मार्गदर्शनमा तोकिए वमोजिमका समिति, उपसमिति, बिभिन्न कार्य समुहहरुको गठन र कार्यविधि समेत तय गरिन्छ ।

### ४.३. दोश्रो चरणः वडास्तरीय परामर्श

यस चरणमा विशेष गरि ३ देखि ४ वटा महत्वपूर्ण काम गर्नुपर्नेछ । प्रथमतः यस चरणमा स्वीकृत कार्ययोजना बमोजिम आवधिक योजना तर्जुमाको लागि सम्बन्धित वडा समितिको पहलमा वडास्तरीय परामर्श बैठकहरू सञ्चालन गर्नु पर्नेछ । यसका लागि स्थानीय जनताको प्रतिनिधिमूलक सहभागिताको लागि सर्वप्रथम सामुदायिक संस्था, टोल विकास संस्था, सहकारी, सामुदायिक वन उपभोक्ता समूह, खानेपानी उपभोक्ता समूह, महिला समूह, आमा समूह, सामुदायिक विद्यालय, वडामा क्रियाशिल संघ संस्थाहरू, बाल क्लव, निजी क्षेत्र, राजनीतिक दलका वडास्तरीय प्रतिनिधि लगायतका सरोकारवालाहरूसँग परामर्श गर्नु पर्नेछ । उक्त परामर्शबाट द्वितीय स्रोतबाट प्राप्त हुन नसकेका आधारभूत सूचनाहरू सङ्कलन गर्ने, समस्या तथा चुनौति र अवसरहरू पहिचान गर्ने, मुख्य मुख्य मुद्दा र योजना तथा कार्यक्रमहरू पहिचान गर्ने लगायतका कार्यहरू गर्नु पर्नेछ। यी बैठकहरू स्थानीय परिस्थिति अनुसार प्रत्यक्ष र भर्चुअल मध्ये कुनै एक वा दुबै हुन सक्नेछन् । यस्ता बैठकको सङ्ख्या पनि एक वा एकभन्दा बढी हुन सक्नेछ ।

यसैगरी दोस्रो चरणमा आवधिक योजना तर्जुमाका लागि सरोकारवालाहरूको बैठकबाट पर्याप्त सूचना प्राप्त नभएमा थप सूचना प्राप्त गर्न वा प्राप्त सूचनाहरूको पुष्टिको लागि एक वा एकभन्दा बढी प्रमुख सूचनादाता अन्तरवार्ता र लक्षित समूह छलफल गर्नु पर्नेछ । यस्ता अन्तरवार्ता र छलफल प्रत्यक्ष र भर्जुअलमध्ये कुनै एक वा दुवै हुन सक्ने बाहेक सहभागितात्मक ग्रामिण लेखा जोखा प्रणाली (Participatory Rural Appraisal) विधिहरुको समेत प्रयोग गरी आवश्यक सूचना सङ्कलन गर्नुपर्नेछ ।

तेश्रोमा, सरोकारवालाहरू, प्रमुख सूचनादाता र लक्षित सूमहबाट प्राप्त जानकारी तथा पहिलो चरणमा गरिएको दस्तावेजहरूको समीक्षाबाट प्राप्त तथ्याङ्क र जानकारी समेतलाई विश्लेषण गरी सो को सत्य तथ्य परिक्षणका लागि वडा समितिको बैठकमा छलफलको लागि प्रस्तुत गर्नु पर्नेछ। वडा समितिले वडा प्रतिनिधिहरू, वडा समितिका कर्मचारीहरू, वडामा रहेका सेवा प्रदायक संस्थाहरू र विषय विज्ञहरूलाई आमन्त्रण गर्नेछ । उक्त छलफलमा वडास्तरीय वस्तुस्थिति, समस्या, चुनौती, अवसर,

प्रमुख प्रशासकीय अधिकृत

क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख योजना तथा कार्यक्रमहरूका सम्बन्धमा छलफल गरि एउटा साझा निस्कर्षमा पुर्याइनु पर्दछ ।

चौथोमा, सबै वडाहरूबाट प्राप्त तथ्याङ्क र सुझावहरूको आधारमा वस्तुगत अवस्था झल्काउने जिआइएस नक्शाहरू तयार गर्नु पर्नेछ जिआइएस नक्शा तयार हुन नसक्ने अवस्थामा गुगल म्यापको प्रयोग गरी आवश्यक नक्शाहरू तयार गर्न सकिनेछ। गुगल म्यापबाट तयार नसकेका नक्शाहरू हातैले रेखाङ्कन गरी खेस्रा नक्शा (स्केच म्याप) तयार गर्न सकिनेछ। यी नक्शाहरूको मुख्य उद्देश्य स्थानीय तहको विद्यमान वस्तुगत अवस्था नक्शामा उतार्नु हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

### ४.४. तेश्रो चरणः विषय क्षेत्रगत समिति, उपसमितिहरू सहित अन्य सरोकारवाला संघ/संस्थाहरुसंग छलफल/परामर्श

यो चरणमा वडास्तरीय परामर्शबाट प्राप्त सुझावहरूलाई समावेश गरी विषय क्षेत्रगत अवस्था, समस्या, चुनौती, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख योजना तथा कार्यक्रमहरू तयार गरी विषय क्षेत्रगत समिति र अन्य उपसमितिहरूसँग परामर्शका लागि प्रस्तुत गर्नु पर्नेछ। त्यसपछि, उक्त समितिहरूबाट प्राप्त सुझावहरूलाई समावेश गरी प्रस्तुत गरिएका सामग्रीहरूलाई आवश्यकता अनुसार संसोधन र परिस्कृत गर्नुपर्ने छ । स्थानीय तहको क्षेत्रगत प्राथमिकता समेत यसै चरणमा हुने भएकाले क्षेत्रगत प्राथमिकता निर्धारणका लागि विभिन्न सहभागीमूलक विधिहरुको प्रयोग गरि प्राथमिकता निर्धारणको विश्वशनीयता कायम राख्नुपर्नेछ ।

### ४.५. चौथो चरणः स्थानीय तह स्तरीय परामर्श, समिक्षा र परिमार्जन

यस चरणमा सर्वप्रथम, योजना तर्जुमा कार्यशाला गोष्ठि गरी विषय क्षेत्रगत समिति र उपसमितिहरूको सुझाव बमोजिम तयार गरिएको विषय क्षेत्रगत अवस्था, समस्या, चुनौती, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख योजना तथा कार्यक्रमहरू समेटी आवधिक योजनाको पहिलो मस्यौदा तयार गरी निर्देशक समिति समक्ष परामर्शको लागि प्रस्तुत गर्नुपर्नेछ। निर्देशक समितिले आफू र विषयक्षेत्रगत समितिका प्रतिनिधिहरू, कार्यपालिकाका सदस्यहरू, राजनीतिक दलका प्रतिनिधिहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, सहकारीका प्रतिनिधिहरू, संघीय र प्रदेश सभाका माननीय सदस्यहरू, संघ संस्थाहरुको प्रतिनिधि र विज्ञ लगायतका सरोकारवालाहरूको संयुक्त बैठकको आयोजना गर्नेछ, जसलाई एकिकृत वैठक समेत भनिन्छ | निर्देशक समितिको निर्णय अनुसार यस्तो बैठक एक वा एकभन्दा बढी पटक तथा प्रत्यक्ष वा भर्चुअल मध्ये कुनै एक वा दुबै हुन सक्नेछ। उक्त बैठकमा परामर्शदाताले योजना तर्जुमा कार्यशालावाट तयार भएको मस्यौदा प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ । उक्त बैठकमा अवस्था हेरी खुल्ला वा समूह छलफल हुन सक्नेछ। मस्यौदा प्रतिवेदनमा उल्लिखित विषयहरूमा गहन छलफल गरी त्यसलाई यथार्थपरक, व्यवहारिक, सरल र थप स्पष्ट बनाउनु उक्त परामर्शको उद्देश्य हुनेछ।

यसरी प्रदेश योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त सुझाव र प्रतिक्रियालाई समावेश गरी आवधिक योजनाको दोश्रो मस्यौदा सम्बन्धित निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ । निर्देशक समितिले प्राप्त सुझावहरु समावेश भए नभएको सुनिस्चित गरि अन्य थप केहि भएमा सो सहित समावेश गरेर अन्तिम मस्यौदालाई थप छलफल र स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्ने सिफारिस गर्नेछ। निर्देशक समितिले उक्त प्रतिवेदन प्रदेश योजना आयोगलाई सुझावको लागि पठाउनेछ ।

निर्देशक समितिको सिफारिस बमोजिम परामर्शदाताले दुबै प्रतिवेदनको परिमार्जित मस्यौदालाई कार्यपालिकाका पदाधिकारी, सदस्य र कर्मचारीहरूको संयुक्त बैठकमा पेश गर्नु पर्नेछ। उक्त बैठकबाट प्राप्त सुझावहरू तथा प्रदेश योजना आयोगबाट दोश्रो पटक प्राप्त सुझावहरूलाई समावेश गरी दुबै प्रतिवेदनको अन्तिम मस्यौदालाई कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

## ५. परामर्शदाता विज्ञ (Key Experts) तथा अन्य जनशक्ति सम्बन्धी व्यवस्थापन (Human Resource Management)

आवधिक योजना तर्जुमा गर्ने कार्य वहुआयामिक प्रकृतिको कार्य भएकाले परामर्शदाताको टोलीमा तपसिल अनुसार प्रत्येक क्षेत्रमा कम्तिमा १ जना विज्ञ जनशक्ति समाविष्ट हुनुपर्नेछ । यसका अतिरिक्त आवधिक योजना तर्जुमा टोलीमा आवश्यकता अनुसार सहजकर्ता र स्थानीय तहको विशिष्ट सम्भावना र आवश्यकताका आधारमा आंसिक समय विशेष विज्ञहरु पनि परिचालन गर्नुपर्नेछ।

| Position | Minimum Qualification | Minimum Experience |
|---|---|---|
| Team Leader | Master Degree in Sociology/ Economics/ Management or Relevant Discipline | 10 Years of experience in planning, team leadership, management |
| Infrastructure Development Specialist | Master Degree in Relevant Discipline | 5 Years of experience in planning, development of infrastructures |
| Socio-Economist | Master Degree in Relevant Discipline | 5 Years of experience in relevant area to the proposed task |
| Social Safeguard & GESI Specialist | Master Degree in Relevant Discipline | 5 Years of experience in relevant area to the proposed task |
| Public Health and Nutrition Specialist | Master Degree in Relevant Discipline | 5 Years of experience in relevant area to the proposed task |
| Education Specialist | Master Degree in Relevant Discipline | 5 Years of experience in relevant area to the proposed task |
| Environment Safeguard Specialist | Master Degree in Relevant Discipline | 5 Years of experience in relevant area to the proposed task |
| Geotechnical Engineer | Master Degree in Relevant Discipline | 5 Years of experience in relevant area to the proposed task |
| Agricultural Economist | Master Degree in Relevant Discipline | 5 Years of experience in relevant area to the proposed task |

## ६. परामर्शदाता कम्पनी/फर्मको मुख्य जिम्मेवारी/कार्य शर्त

परामर्शदाता कम्पनी/फर्मले रास्ट्रीय योजना आयोगले निर्देशित गरेको स्थानीय तहको आवधिक योजना तर्जुमा नमूना दिग्दर्शन २०७५ वमोजिम सम्वन्धित स्थानीय तहसँगको निकटतम समन्वय र सम्मतिमा आवधिक योजना तर्जुमाको समग्र प्राविधिक पक्षहरुको नेतृत्व गरि आवधिक योजना तर्जुमा गर्नुपर्नेछ । निर्दिस्ट रुपमा सेवा प्रदायक फर्म/कम्पनीको मुख्य-मुख्य जिम्मेवारीहरु निम्नानुसार हुनेछन्।

१. स्थानीय तहसँग निकटतम सम्पर्कमा रहेर आवधिक योजना तर्जुमा कार्यको समय-सीमासहितको कार्ययोजना तयार गरि सो अनुसार कार्य अगाडि बढाउने, र सो को कार्ययोजना प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान लाई उपलब्ध गराउने,

२. स्थानीय तहलाई विषय क्षेत्रगत र अन्य उपसमितिहरु गठन र परिचालनमा सहजीकरण गर्ने,

३. आवधिक योजना तर्जुमा गर्नका लागि आवश्यक सूचना तथ्यांकको पहिचान,संकलन र विस्लेषण गर्ने। सुचनामा आधारित भएर मात्र कार्यक्रम तर्जुमा गर्ने काममा सहजीकरण गर्ने

४. विषयगत रूपमा स्थानीय स्तरका समस्या र सम्भावनाहरु विश्लेषण (SWOT Analysis) गर्ने र यसवाट प्राप्त निष्कर्षलाई आधार मानेर विषयगत र एकिकृत प्राथमिकता निर्धारणमा सहयोग

प्रमुख प्रशासकीय अधिकृत

पुर्याउने बिभिन्न विषयगत क्षेत्रको वस्तुस्थिति अवस्था विस्लेषणवाट आएको सम्भावनाका आधारमा स्थानीय तहको प्राथमिकता निर्धारणका लागि सहजीकरण गर्ने,

५. स्थानीय तहको दिर्घकालिन सोंच, लक्ष, उदेश्य, रणनीति र वजेट सुनिस्चित सहितका प्रमुख कार्यक्रमहरु चयन /पहिचान गर्न सहजीकरण गर्ने ।

६. योजना तर्जुमा भेला बैठकहरुमा दिगो विकासका लक्षहरु प्राप्त गर्न सहयोग पुग्ने खालका कार्यक्रम तथा आयोजना छनोट गर्न सहयोग र सहजीकरण गर्ने । प्रस्तावित कार्यक्रमहरुको उपलब्धि मापन गर्न सहज हुने गरि सूचकहरु निर्धारण गर्ने,

७. योजना तर्जुमा कार्यशाला तथा अभिमुखीकरण र अन्तरक्रिया कार्यक्रममा सक्रिय रुपमा सहभागी हुने तथा विषय क्षेत्र अनुसारको छलफल, परामर्श बैठक आदिमा सम्वन्धित विषय विज्ञहरुले स्थानीय तहलाई परिकल्पनाशील बन्न सहयोग गर्ने, सम्भावना र भावी परिदृश्यहरु उजागर गर्ने,

८. योजना तर्जुमाका हरेक चरणहरुमा सरोकारवालाहरुको अर्थमूलक सहभागिता सुनिस्चित गर्ने । योजना तर्जुमा भेला, बैठकमा महिला, दलित, जनजाती तथा सिमान्तकृत समुहहरुलाई आफ्ना प्राथमिकताहरु राख्न सहयोग र सहजीकरण गर्ने ।

९. स्थानीय तहको विगत ३ वर्षको समग्र आर्थिक विस्लेषण गरि सो का आधारमा आगामी ५ वर्षको आर्थिक प्रक्षेपण गर्ने र सो का आधारमा प्राथमिकता र विषयगत क्षेत्र अनुसार स्रोतको वांडफाड गर्ने ।

१०. स्रोत तथा GIS नक्शाहरुको प्रयोग गरि आवधिक योजनालाई Visualize गर्ने । सम्भव हुने विषय क्षेत्रमा अहिलेको अवस्था र योजना अवधि पछिको अवस्थालाई Visualize गरिएको हुनुपर्ने । विशेष गरि भू उपयोग नक्शा, सार्वजनिक सेवा पूर्वाधारहरु, प्रमुख आर्थिक गतिविधि केन्द्र, सार्वजनिक जमिन, प्रमुख प्राकृतिक स्रोतहरु अनिवार्य रुपमा नक्शांकन गरिएको हुनुपर्ने,

११. आवधिक योजनामा समावेश भएका हरेक कार्यक्रम/आयोजनाको स्पस्ट परिणाम ,प्रतिफल मापन गर्न सकिने सूचक र प्रमाणित गर्ने आधारहरु सुनिश्चित गर्ने,

१२. आवधिक योजनाको वार्षिक लक्ष, सूचक, प्रमाणित गर्ने आधार सहितको ५ वर्षे विषय क्षेत्रगत एकिकृत नतिजा खाका तयार गर्ने,

१३. निर्धारित समय भन्दा कम्तिमा १५ दिन अगावै योजनाको एकिकृत दस्तावेज मस्यौदा प्रति संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश योजना आयोगमा सुझावका लागि पठाउन नगरपालिकामा पेश गर्ने,

१४. आवधिक योजनाको अन्तिम मस्यौदाको विद्युतीय र कम्प्युटर प्रिन्ट कपी ५ थान नगरपालिका समक्ष पेश गर्ने।

१५. आवधिक योजना पुस्तिका रास्ट्रिय तथा प्रदेश योजना आयोगले निर्धारित गरेको ढाचामा तयार गर्ने,

## ७. कार्य अवधि तथा समय सिमा (Duration of the Contract)

आवधिक योजना तर्जुमा प्रक्रियाका लागि दुई महिना समय निर्धारण गरिएकाले छनौट भएको परामर्शदाताले सो समय अवधि भित्र कार्य सम्पन्न गरिसक्नुपर्नेछ। प्रस्तावित कार्य बहुवर्षीय कार्यक्रम नभएको हुनाले सामान्यतया सम्झौताको अवधि थप तथा आगामी आर्थिक वर्षमा भुक्तानी हुनेछैन।

प्रमुख प्रशासकीय अधिकृत

## ८. सरोकारवालाहरु विच समन्वय र गुणस्तर सुनिश्चितता (Coordination and Quality Assurance)

छनौट भएको परामर्शदाता र पालिका बीच परामर्श सेवा खरिद सम्झौता भई परामर्शदाताले सम्झौता बमोजिम सम्झौता अवधि भित्र कार्यहरु सम्पन्न गर्नुपर्नेछ। आवधिक योजना तर्जुमाका लागि छनोट भएका परामर्शदाता कम्पनी/फर्महरु र सम्वन्धित स्थानीय तहका प्रमुख तथा प्रमुख अधिकृतहरुका लागि आवधिक योजना तर्जुमा प्रक्रियालाई समन्वयात्मक तथा विधिसम्मत प्रकृया अनुसार तर्जुमा गर्न प्रदेश योजना आयोग र प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानवाट अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ। साथै प्रदेश योजना आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानवाट आवधिक योजना तर्जुमा प्रक्रियाको नियमित रुपमा फलो अप र अनुगमन गरिनेछ ।

## ९. आवश्यक प्रतिवेदन (Reporting and Deliverables)

- प्रारम्भिक प्रतिवेदन (Inception Report): १ प्रति, सम्झौता भएको मितिबाट १० दिन भित्र
- मस्यौदा प्रतिवेदन (Draft Report): २ प्रति, सम्झौता भएको मितिबाट २ महिना भित्र ।
- अन्तिम प्रतिवेदन (Final Report), ५ प्रति र विद्युतीय (Digital) प्रति, सम्झौता भएको मितिबाट दुई महिना १० दिन भित्र ।

## १०. भुक्तानी प्रक्रिया (Mode of Payment)

धनकुटा नगरकार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश भई स्वीकार भए पश्चात धनकुटा नगरकार्यपालिकाको कार्यालयको सिफारिशको आधारमा सम्झौता बमोजिमको रकम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानवाट परामर्शदातालाई भुक्तानी हुनेछ। भुक्तानी प्रक्रिया तपसिल बमोजिम हुनेछः

- प्रारम्भिक प्रतिवेदन (Inception Report) प्राप्त भई स्वीकार भए पश्चातः **सम्झौता रकमको बढीमा १०%**
- मस्यौदा प्रतिवेदन (Draft Report) प्राप्त भई, राय सुझाव पेश भए पश्चातः **सम्झौता रकमको बढीमा ५०%**
- अन्तिम प्रतिवेदन (Final Report) प्राप्त भई स्वीकार भए पश्चातः **सम्झौताको बाँकि रकम**

सम्झौता बमोजिम सम्पूर्ण कार्य सम्पन्न गरी धनकुटा नगरकार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश भई स्वीकार भए पश्चात धनकुटा नगरकार्यपालिकाको कार्यालयको सिफारिशको आधारमा सम्झौता बमोजिमको रकम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानवाट परामर्शदातालाई भुक्तानी हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत